बैठक संख्या - ५८

समयः- बिहान ७.३० बजे

आज मिति २०८१ साल भदौ महिनाको १७ गते सोमबारको दिन हुप्सेकोट गाउँकार्यपालिकाको कार्यालयमा यस गाउँपालिका अध्यक्ष श्री लक्ष्मीदेवी पाण्डेज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी निम्नानुसारको उपस्थितीमा छलफल गरी देहाय अनुसारको निर्णय गरियो ।

उपस्थिती

श्री लक्ष्मी देवी पाण्डे - अध्यक्ष

श्री पूर्ण सिं राना मगर – उपाध्यक्ष

श्री रेवती सारु (मगर) - कार्यपालिका सदस्य एवं गाउँपालिका प्रवक्ता

श्री प्रेम बहादुर घर्ती - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं १

श्री कृष्ण बहादुर थापा - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं २

श्री विष्णु राना (मगर) - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ३

श्री महेन्द्र पाण्डेय - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ४

श्री पदम बहादुर राना मगर - कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ५

श्री छम बहादुर सोमै मगर - कार्यमालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ६

श्री उर्मिला महतो - कार्यपालिका सदस्य

श्री तुलीसरा सोमै मगर - कार्यपालिका सदस्य

श्री विनीसरा ढेंगा मगर - कार्यपालिका सदस्य

श्री मोतीलाल कुमाल - कार्यपालिका सदस्य

श्री केमान सिंह - कार्यपालिका सदस्य

श्री हरि प्रसाद पराजुली - प्रमुख प्रशासकिय अधिकृत, सदस्य – सचिव

अन्य उपस्थिती –

श्री रवि काफ्ले – प्रशासकीय अधिकृत

श्री कल्पना तमाङ - सूचना प्रविधि अधिकृत

श्री गणेश बि. ठकुरी - खा.पा.स.डि.भा.

मिति २०८१ भाद्र १७ गतेको कार्यपालिकाको बैठकाका निर्णयहरु

प्रस्ताव न १. सटकुन आधारभुत विद्यालय र चारघरे आधारभुत विद्यालयको अनौपचारिक शिक्षा सञ्चालन अनुमति सम्बन्धमा।

निर्णय न १ .

प्रस्ताव न १ माथि छलफल गर्दा हुप्सेकोट गाँउपालिका वडा न ५ मा रहेको सटकुन आधारभुत विद्यालय र वडा न ४ मा रहेको चारघरे आधारभुत विद्यालयलाई अनौपचारिक शिक्षा सञ्चालन गर्नका लागि चालु आ व मा बजेटमा विनियोजित [illegible] टोल शिक्षा कार्यक्रम शिपर्कबाट व्ययभार गर्ने गरि अनुमति दिने सर्वसम्मत निर्णय गरियो।

प्रस्ताव न २ . वडा न ५ को सम्पर्क वडा कार्यालय सञ्चालन सम्बन्धमा।

निर्णय न २ .

प्रस्ताव न २ माथि छलफल गर्दा यस गाँउपालिका वडा न ५ मा जटिल भुवनोटले गर्दा वडा कार्यालय धौवादीबाट मात्र सेवा प्रवाह गर्दा असहजता भएको र विगत देखि नै दुर्लुङ्गाबाट समेत सेवा प्रवाह भइ आएकोमा यस गाँउपालिका ५ न वडा कार्यालयको च. न ४१ मिति २०८१/०५/०५ गतेको पत्रानुसार झ्यालबासबाट समेत २ दिन सेवा प्रवाह गर्ने भनि भएको निर्णयलाई सर्वसम्मत रुपमा अनुमोदन गरियो।

प्रस्ताव न ३ . वडा सम्पर्क कार्यालय व्यवस्थापन सम्बन्धमा।

निर्णय न ३ .

प्रस्ताव न ३ माथि छलफल गर्दा यस गाँउपालिका वडा न ५ को सम्पर्क कार्यालय झ्यालबासमा आवश्यक स्रोत साधन व्यवस्थापन गर्ने निर्णय गरियो। साथै वडा न ४ को कार्यालय सहयोगिलाई वडा न ५ को समेत जिम्मेवारी दिने निर्णय गरियो।

प्रस्ताव न ४ . आर्थिक सहायता सम्बन्धमा।

निर्णय न ४ .

प्रस्ताव न ४ माथि छलफल गर्दा गैंडाकोट नगरपालिकामा यहि भाद्र २८ र २९ गते सञ्चालन हुन लागेको नेपाल जेसिज क्षेत्र घ सम्मेलनलाई सफल बनाउन रु      आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो। त्यसैगरी हिन्दुहरुको महान चाड तिजको अवसरमा नवलपुर एफ एम र मध्यविन्दु एफ

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

CamScanner

एम मा तिज गीत प्रतियोगिता सञ्चालन हुन लागेकोले रु १०/१० हजार आर्थिक सहायता गर्ने निर्णय गरियो।

प्रस्ताव न ५ . बाकखोर बस्तीमा पानी महशुल व्यवस्थापन सम्बन्धमा।

निर्णय न ५ .

प्रस्ताव न ५ माथि छलफल गर्दा राम्चे पहिरोबाट विस्थापित भइ हुप्सेकोट गाँउपालिका वार्ड न १ जुकेपानीमा बस्दै आइरहेका विस्थापित नागरिकहरुको दिगो व्यवस्थापनका लागि यस गाँउपालिकाका उपाध्यक्ष सहित स्थलगत अनुगमन गरि प्रतिवेदन पेश गर्ने र उक्त बस्तिमा विद्युत महशुल १ न वडा कार्यालयबाट प्रयोग गर्दै आइरहेको र खानेपानिको महशुल तत्कालको लागि गाँउपालिकाबाट व्यवस्थापन गर्ने निर्णय गरियो।

प्रस्ताव न ६ . स्वास्थ्य विमाको शिफारिस सम्बन्धमा।

निर्णय न ६ .

प्रस्ताव न ६ माथि छलफल गर्दा यस गाँउपालिकाका नागरिकहरुलाई थप विमा सुविधाको लागि मध्यविन्दु जिल्ला अस्पतालबाट भरतपुर जानुपर्ने बाध्यता रहेकोले एन पि आइ कालिगण्डकी हस्पिटल कावासोति ८ नवलपरासीलाई स्वास्थ्य विमा सेवा थप गर्नका लागि सम्बन्धित निकायमा शिफारिस गरि पठाउने निर्णय गरियो।

प्रस्ताव न ७ . जग्गा बर्गिकरण सम्बन्धमा।

निर्णय न ७ .

प्रस्ताव न ७ माथि छलफल गर्दा यस गाँउपालालिकाबाट २०८० साल चैत्र २५ गते स्वीकृत कार्यविधिमा वडा न ५ र ६ का हाल बस्ति भएका र बसाई सरि आउने स्थानलाइ आवास र अन्य क्षेत्रलाई कृषि क्षेत्रका रुपमा राखि बर्गिकरण गर्नका लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो।

प्रस्ताव न ८ . अमिन पदको पदपुर्ति सम्बन्धमा।

निर्णय न ८ .

प्रस्ताव न ८ माथि छलफल गर्दा यस यस गाँउपालिकाको स्वीकृत दरवन्दी तेरिजमा अमिनको पद रहेको र उक्त पदमा हालसम्म पनि पदपुर्ति नभएको र घरको नक्सा पास, अभिलेखिकरण तथा भूमिहिन

एवं अव्यवस्थित बसोबासीलाई व्यवस्थापन लगायतका कार्यहरु छिटो छरितो तवरले सम्पन्न गर्नका लागि यथासिघ्र करार सेवाबाट पदपूर्ति गर्नका लागि कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

प्रस्ताव न ९ . औधोगिक ग्राम सम्बन्धमा।

निर्णय न ९ .

प्रस्ताव न ९ माथि छलफल गर्दा यस गाँउपालिका वार्ड न ४ मा निर्माणहुन लागिरहेको औधोगिक ग्राममा बजेट माग गर्नका लागि गण्डकी प्रदेश उद्योग तथा पर्यटन मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो।

प्रस्ताव न १० . योजना माग सम्बन्धमा।

निर्णय न १० .

प्रस्ताव न १० माथि छलफल गर्दा यस गाँउपालिकाको अधुरो रहेको प्रशासनिक भवनमा १ तला थप, लिफ्ट, कम्पाउन्ड वाल तथा गार्डेनिङ लगायतका कार्यहरु सम्पन्न गर्न यस गाँउपालिकामा रकम अभाव भएको कारणले लागत अनुमान तयार गरी स्थानीय पूर्वाधार विभाग (DoLI) लाई रकम विनियोजन गरी अधुरो कार्य सम्मन्न गर्न अनुरोध गर्ने निर्णय गरियो। साथै यस गाँउपालिकाको वडा न ४ को बाहेक अन्य वडा कार्यालयहरु आफ्नै पक्कि भवनबाट सञ्चालनमा भइरहेकोले वडा न ४ को वडा कार्यालय भवन निर्माणको लागि लागत अनुमान तयार गरी रकम विनियोजन गर्न स्थानीय पूर्वाधार विभाग (DoLI) लाई अनुरोध गर्ने।

प्रस्ताव न ११ . कार्यविधि पारित सम्बन्धमा।

निर्णय न ११..

प्रस्ताव न ११ माथि छलफल गर्दा विधायन व्यवस्थापन समितिबाट पेश भएका तपसिल बमोजिमका कार्यविधिहरु स्विकृत गर्ने निर्णय गरियो।

१.

२.

३.

CamScanner

मिति २०८१ भाद्र १७ गतेको कार्यपालिकाको बैठकका निर्णयहरु

प्रस्ताव न १२ . गिरुवारी बजारमा व्यवसाय दर्ता/ नविकरणका लागि घुम्ति शिविर सम्वन्धमा।

निर्णय न १२ .

प्रस्ताव न १२ माथि छलफल गर्दा यहि भाद्र मसान्त भित्रमा गिरुवारी बजारमा घुम्ति शिविर सञ्चालन गरी व्यवसाय दर्ता/ नविकरणका कार्य गरी नागरिकलाई घरदैलोको सरकारको अनुभुति दिलाउने गरी सेवा प्रवाहको प्रवन्ध मिलाउने निर्णय गरियो।

प्रस्ताव न १३ . प्रहरीचौकी सम्वन्धमा।

निर्णय न १३ .

प्रस्ताव न १३ माथि छलफल गर्दा यस गाँउपालिकामा रहेको हुप्सेकोट प्रहरी चौकी, हुप्सेकोट १ वेलुवाले न्युन जनशक्ति र स्रोतसाधन लगायतका कारण चोरी निकासी नियन्त्रण, अपराधजन्य गतिविधिहरु न्यूनिकरण तथा शान्ति सुरक्षा एवं अमनचयन कायम लगायतका कार्य गर्न समस्या भएको भनि गुनासो प्राप्त भएको, यस गाँउपालिकाको जनसङ्ख्या समेत निरन्तर वृद्धि भई शहरोन्मुख रहेको लगायतका कारणले गर्दा उक्त प्रहरी चौकीलाई इलाका प्रहरी कार्यालयमा स्तरोन्नती गर्नका लागि जिल्ला प्रहरी कार्यालय मार्फत नेपाल सरकार गृह मन्त्रालयमा लेखि पठाउने साथै यस गाँउपालिकाको वडा न ६ प्रहरी चौकी नहुदा अपराधजन्य गतिविधि बढ्न गइ आम जनताबाट व्यापक जनगुनासो प्राप्त भएकोले अस्थायी प्रहरी चौकी यथासिघ्र सञ्चालन गर्नका लागि जिल्ला प्रहरी कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

प्रस्ताव न १४ . क वर्गको बैंकको शाखा माग सम्वन्धमा।

निर्णय न १४ .

प्रस्ताव न १४ माथि छलफल गर्दा यस गाँउपालिकामा क बर्गको बैंक १ मात्र रहेको र वित्तीय कारोवार एवं सामाजिक सुरक्षा भत्ता वितरण लगायतका कार्यहरुमा ढिलासुस्ति भइ व्यापक जनगुनासो प्राप्त हुन आएकोले नेपाल राष्ट्र बैंकलाई क वर्गको बैंकको शाखा माग गर्नका लागि पत्राचार गर्ने निर्णय गरियो।

प्रस्ताव न १५ . संघ र प्रदेशका योजना कार्यन्वयन गर्ने सम्वन्धमा।

निर्णय न १५ .

मिति २०८१ भाद्र १७ गतेको कार्यपालिकाको बैठकाका निर्णयहरु

प्रस्ताव न १५ माथि छलफल गर्दा यसै गाँउपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका संघीय सरकारबाट विनियोजित योजनाहरु र गण्डकी प्रदेश सरकारबाट विनियोजित योजनाहरु कार्यन्वयन गर्ने निर्णय गरियो।

CS CamScanner

मिति २०८१ भाद्र १७ गतेको कार्यपालिकाको बैठकका निर्णयहरु

निर्णय न १६ .

प्रस्ताव न १६ माथि छलफल गर्दा यस गाँउपालिकाका विभिन्न शाखाहरु र वडा कार्यालयहरुमा माग भए बमोजिमका कम्प्युटर प्रिन्टर, फर्निचर्स र मसलन्द सामाग्रि व्यवस्थापन गर्ने निर्णय गरियो।

प्रस्ताव न १७ . खरिद सम्बन्धमा।

निर्णय न १७ .

प्रस्ताव न १७ माथि छलफल गर्दा तपशिल बमोजिमको कार्यालय व्यवस्थापन र खरिदकार्य अगाडि बढाउन जिन्शि शाखालाइ निर्देशन दिने निर्णय गरियो।

1) यस गाँउपालिकामा कार्यरत नगरप्रहरीका लागि कार्यालयको पोशाकको अतिरिक्त गाँउपालिकाको गरिमा झल्किने खालको ट्र्याक लगायत जुता व्यवस्थापन
2) विपद अवस्थामा प्रयोग हुने सामाग्रीहरुको विवरण तयार गरि खरिद प्रकृया अगाडि बढाउने सम्बन्धमा।
3) यस गाँउपालिका वडा न ४ र वडा न ५ मा सम्पर्क कार्यालय रहेको स्थानमा डेकोरेसनको कार्यगर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत जिन्सि शाखालाई निर्देशन दिने निर्णय गरियो।
4) प्रधानमन्त्री रोजगारीमा खटिने कामदारका लागि सुरक्षा सामाग्री तथा हाते औजार खरिद तथा व्यवस्थापन।
5) यस गाँउपालिकाले आयोजना गर्ने भनि तय भएको श्रमदान कार्यको लागि आवश्यक पर्ने कुटो कोदालो लगायतका सामाग्री।
6) स्थानीय विपद व्यवस्थापन समितिले औंल्याएका आगलागीजन्य विपदको समयमा विद्यालयमा आवश्यक पर्ने Fire Extinguiser खरिद गर्नका लागि शिक्षा युवा तथा खेलकुद शाखाले विद्यालयहरुबाट माग संकलन गरी यस गाँउपालिकाको अन्य कार्यक्रम सञ्चालन शिर्षकबाट खर्च गर्ने गरी खरिद कार्य प्रकृया अगाडी बढाउने तथा विगतमा खरिद भएका उक्त सामाग्रीहरुको refill गर्ने।
7) जग्गा वर्गिकरणको लागि आवश्यक पर्ने नापी सम्बन्धि सामाग्री प्राविधिक कर्मचारीहरुबाट स्पेशीकेशन तयार गरी खरिद कार्य अगाडि बढाउने र सोको जग्गा वर्गिकरण शिर्षकबाट खर्च हुने गरि व्यवस्थापन गर्ने।
8) स्थानिय न्यायिक समितिको इजलासलाई पुरानो गाँउपालिकाको भवनमा व्यवस्थित तवरले निर्माण कार्य अगाडि बढाउने।
9) कृषि र पशु सेवा शाखाको ल्याव व्यवस्थापन गर्ने।

प्रस्ताव न १७ . गणकको निरन्तरता सम्बन्धमा।

निर्णय न १७ .

प्रस्ताव न १७ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकारको निर्णयअनुसार नियुक्त भएका NWASH कार्यक्रम अन्तरगत यस गाँउपालिकामा तथ्याङ्क संकलनको कार्य सम्पन्न गर्नका लागि तपशिल बमोजिमका गणकहरुसँग ४ महिनाको लागि सम्झौता गरी तथ्याङ्क संकलन कार्य यथासिघ्र सुरु गर्ने निर्णय गरियो।

तपसिल

CamScanner

मिति २०८१ भाद्र १७ गतेको कार्यपालिकाको वैठकाका निर्णयहरु

| क स | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | समिक्षा पाण्डे | हुप्सेकोट गा पा वडा न ३ | |
| २ | चन माया थापा मगर | हुप्सेकोट गा पा वडा न १ | |

प्रस्ताव न १८ . विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने सम्वन्धमा।

निर्णय न १८ .

प्रस्ताव न १८ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा न ५ रुद्रपुरमा संघिय विशेष अनुदानवाट रुद्रपर खानेपानी निर्माण हुप्सेकोट ५ शिर्षकमा विनियोजित योजना कार्यान्वयन गर्नका लागि विस्तृत आयोजना प्रतिवेदन नभएकोले ठेक्का प्रकृया प्रारम्भ गर्नका यस कार्यालयमा उपलब्ध जनशक्तिबाट उक्त कार्य गर्न नसकिने भनि पुर्वाधार विकास शाखाबाट प्राप्त जानकारी अनुसार यथासिघ्र ठेक्का प्रकृयामा लैजानका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

CamScanner